# कविलासी नगरपालिकाको एघारौं नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री पुनम कर्णले प्रस्तुत गर्नु भएको

## आर्थिक बर्ष २०८१।०८२ को
## बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०८१
www.kabilasimun.gov.np

पुनम कर्ण
उप-प्रमुख

# कविलासी नगरपालिकाको एघारौं नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री पुनम कर्णले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८१।०८२ को बजेट वक्तव्य

पुनम कर्ण
उप-प्रमुख

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०८१
www.kabilasimun.gov.np

नगर सभाका श्रद्धेय अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरू,

१. "कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, वातावरण तथा सञ्चार कविलासी नगरपालिकाको समृद्धिको मूल आधार" भन्ने मूल नाराका साथ नेपालको संविधानको धारा २२३ को उपधारा (२) बमोजिम गठित यस कविलासी नगरपालिकाको एघारौं नगर सभामा नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष ०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महसुस गर्दै मलाई अपार खुशिको अनुभूति भइरहेको छ ।

२. लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवम् संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

३. सहिदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरूको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

४. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको



पुनम कर्ण
उप-प्रमुख

अनुभवहरूलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

५. वर्तमान अवस्थामा मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एंव चुनौतिका कारण पालिकास्तर सम्म सोको प्रभाव रहेको सन्दर्भमा ग्रामिण अर्थतन्त्र मजबुत बनाउने दिशामा आगामी आर्थिक वर्षको बजेटलाई परिलक्षित गरिएको छ । यस नगरपालिकाका जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्दै पछाडी परेका वर्ग, क्षेत्र लिङ्ग र समुदायलाई आर्थिक लाभ पुर्याउने तर्फ बजेट तथा कार्यक्रमलाई समावेश गरिएको छ।

६. "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा पुरा गर्न विगतका वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीब्रता दिन सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले चुनौतीहरूको सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेकोछ।

७. संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउन उपलब्ध स्रोत साधनको परिचालन गर्न विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु परेको छ। आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गर्दै गरिबीको रेखामुनी रहेका एवं विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न उपलब्ध स्रोत र साधनलाई केन्द्रित गरिएको छ। आगामी आ.व.०८१।०८२ को वार्षिक बजेट कार्यक्रम प्रस्ताव माथि उल्लिखित संबैधानिक एवं कानूनी व्यवस्थाको अतिरिक्त बजेट कार्यक्रम तर्जुमा सम्बन्धी दिग्दर्शन, दिगो विकास लक्ष्यले समेटेको रणनीति, सम्बन्धित मन्त्रालयगत तथा विभागीय नीति, निर्देशन, यस नगरको आवधिक योजना र नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिइएको छ।

Poonam

पुनम कर्ण
उप-प्रमुख

कविलासी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कविलासी, सर्लाही मधेश प्रदेश, नेपाल

८. नगरपालिकाले आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै नगरवासीको सुशासन, उन्नति र समृद्धिको आकांक्षा पूरा गर्न हर सम्भव प्रयासरत रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

विभिन्न किसिम्मको समस्या एवम् जटिलताको सामाना गर्दै प्रशासनिक सुशासन कायम गर्न नगरपालिकाले विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, कार्ययोजना, विधि तयार गरेको छ । साँगठनिक सुशासनको लागि कार्यालय र अन्तर्गतका विषयगत शाखाहरूको उचित व्यवस्थापन गरिनेछ ।

९. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०८१।०८२ को बजेट वक्तव्य मार्फत घोषित आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

१०. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं आवधिक योजना, विभिन्न मन्त्रालयहरूले प्रस्ताव गरेका नीतिगत प्राथमिकताहरू र तिनीहरूले निर्धारण गरेका मापदण्डहरू, रणनीतिहरू, कविलासी नगरपालिकाका नीति तथा कार्यक्रम तथा नगरपालिकाका पदाधिकारीज्यूहरूले दिनु भएको सुझावहरू, टोल वस्ती एवं वडा भेलाबाट व्यक्त भई आएका जनअपेक्षा बाट प्राप्त हुन आएका रचनात्मक सुझावहरू तथा आ.व. २०८०।०८१ को बजेट वक्तव्यमा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरूलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रूपमा लिएको छु ।

११. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र नगरपालिका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वितीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरूमा क्रमिक सुधार तथा रूपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु ।

१२. ४८.१ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित ४४,२०४ जनसंख्या भएको कविलासी नगरपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र,

PKarna



पुनम कर्ण
उप-प्रमुख

स्वास्थ्य, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा देखिएको समस्या बाट पछाडि परेको क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ ।

१३. नगर कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिईनेछ ।

**सभाध्यक्षज्यू,**

१४. कविलासी नगरपालिका सामू मुख्यरूपमा देखिएका निम्न चुनौतिहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु :

- चालु आर्थिक वर्षमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व, अनुदान र आन्तरिक राजस्व लक्ष्य भन्दा कम संकलन भएको छ । संघीय र प्रदेश सरकारको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, आन्तरिक आय र वित्तीय समानीकरण मार्फत प्राप्त हुने अनुदान लक्ष्यको तुलनामा कम प्राप्त हुनुले स्रोत व्यवस्थापन चुनौतिपूर्ण रहेको छ ।
- पूँजीगत खर्चलाई विकास नतिजा हासिल गर्ने गरी व्यवस्थापन गर्न सकिएको छैन । प्राथमिकिकरण नगरी साधन स्रोत छर्ने प्रवृति अझै विद्यमान रहेको र पूँजीगत खर्च गर्ने क्षमतामा अपेक्षित सुधार हुन सकेको छैन । सीमित स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती रहेको छ ।
- चालु खर्चमा क्रमश बृद्धि हुँदै गएको छ । तलब भत्ता प्रशासनिक खर्च लगायतको चालु खर्चमा बजेटको ठूलो हिस्सा विनियोजन गर्नुपर्नु भएकोले विकास कार्यको लागि स्रोत व्यवस्थापनमा चाप परेको छ ।
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल परिचालन गर्ने, विकास आयोजनाहरूको



पुनम कर्ण
उप-प्रमुख

दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।

- माथि उल्लेखित चुनौतिलाई आत्मसात गर्दै साधारण खर्चलाई मितव्ययी बनाउने र विनियोजन कुशलता तथा कार्यान्वयन क्षमताको अभिबृद्धि मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी यस नगरपालिकाको आर्थिक बृद्धिको आधार तयार गर्दै उपलब्ध अवसर र उपलब्धीको समुचित वितरणका लागि बजेटको उद्देश्य र प्राथमिकता तय गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

१५. अब म गत आर्थिक बर्ष २०७९।०८० को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रूपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक बर्षमा अनुमानित विनियोजित बजेट रू.७८ करोड १४ लाख ५५ हजार ३ सय ३७ रूपैयाँ गरिएकोमा यथार्थ आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान समेत कूल आय रू.६८ करोड ४० लाख १२ हजार १ सय ४४ रूपैया र पैसा ७६ रहेको छ । सो मध्ये रू.४५ करोड २१ लाख २ हजार ३ सय १ रूपैया र पैसा १४ खर्च भई बाँकी रहेको रकम मध्ये संघीय र प्रदेश सरकारको सशर्त, समपुरक र विशेष अनुदान वापतको फिर्ता गर्नुपर्ने रकम क्रमशः रू.८ करोड १५ लाख १ हजार ७ सय ३१ रूपैयाँ ५० पैसा फिर्ता गरिएको छ । आ.व.०७९।०८० बाँकी बैंक मौज्दात रू.२५ करोड २२ लाख ३१ हजार ७ सय २ रूपैयाँ आ.व.०८०।०८१ मा अल्या गरिएको छ ।

१६. गत आर्थिक बर्ष २०७९।०८० मा सातौ सभाबाट स्वीकृत योजनाहरू सञ्चालन भए । जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू व्यवस्थापन, अत्यावश्यक कानूनहरू निर्माण, सडकहरूको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, सडक ढलान तथा नाला निर्माण, धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शिर्षकमा खर्च भएको थियो ।

Poonam
पुनम कर्ण
उप-प्रमुख

१७. यसै क्रममा चालु आर्थिक वर्ष २०८०।०८१ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक बर्षको लागि ७८ करोड १ लाख ५५ हजार ७ सय २ रूपैयाँ आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको अषाढ मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरिएको छ ।

मिति २०८१ असार ९ गते सम्म कविलासी नगरपालिकाको नवौं नगर सभाबाट आ.व.२०८०।०८१ को लागि विनियोजन भएको अनुमानित बजेट ७८ करोड १ लाख ५५ हजार ७ सय २ रूपैयाँ मध्येको यथार्थ आय ६२ करोड ४७ लाख ९५ हजार ५ सय ५० रूपैयाँ रहेको र हाल सम्मको यथार्थ खर्च रकम ३६ करोड ५० लाख ७२ हजार ७ सय ३७ रूपैयाँ मध्ये चालु खर्च २७ करोड ४५ लाख ४४ हजार ५ सय ९ रुपैयाँ र पूँजीगत खर्च ९ करोड ५ लाख २८ हजार २ सय ८८ रुपैयाँ रहेको जसमा चालु खर्च प्रतिशत ६1% र पूँजीगत खर्च प्रतिशत २७.३८% गरी जम्मा खर्च प्रतिशत ४६.७९% रहेको छ । आय व्ययको विवरण अनुसूचीमा संलग्न भए बमोजिम अनुमोदनको लागि सभामा पेश गरेको छु ।

१८. चालु आर्थिक बर्षको मुख्य मुख्य क्रियाकलापहरूमा सडक, नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, कालोपत्रे, सिँचाई कार्यक्रम, कार्यालयको पूर्वाधार, मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रवर्द्धन लगायत सचेतनामुलक कार्यक्रमहरू सम्पन्न भएको एवम् कतिपय योजना सञ्चालन एवं निर्माणधिन अवस्थामा रहेका छन् । ती कार्यक्रम समयमै सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

साथै कविलासी न.पा.१ रंगिला चौक देखि सर्लहीया माई सम्म नाला तथा सडक कालोपत्रे कार्य सम्पन्न भएको, गैर पिपरिया सडक कालोपत्रे कार्य सम्पन्न भएको, नगरपालिकाको भवन निर्माणाधिन आंवस्थामा रहेको, कविलासी न.पा. वडा नं.५ रनियामा १५ सैया अस्पताल निर्माणाधिन अवस्थामा रहेको, सिरसिया देखि हेमपुरसम्म कालोपत्रे कार्य निर्माणाधिन अवस्थामा रहेको, श्री जनता आधारभूत विद्यालय कविलासी न.पा.८ मा विद्यालय भवन निर्माण कार्य संचालन अवस्थामा रहेको,



PKarna
पुनम कर्ण
उप-प्रमुख

सामाजिक सुरक्षा भत्ता वितरण कार्य नेपाल सरकारको निर्देशन बमोजिम बैंकिङ्ग प्रणालीबाट सम्बन्धित वडाबाट वितरण, वडाबाट अनलाइन व्यक्तिगत घटना दर्ता, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा कर्मचारी व्यवस्थापन एवम् उक्त कार्यक्रमबाट ८० जनाको सीप विकास गरी व्यवसायिक रुपमा दक्ष बनाएको । यि कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न भइसकेको एवम् कतिपय चालु आर्थिक वर्षमा नै सम्पन्न हुने क्रममा रहेको छ ।

**सभा अध्यक्ष महोदय,**

१९. अब म आगामी आर्थिक बर्ष २०८१।०८२ को बजेट बारे प्रकाश पार्न चाहन्छु । यो बजेटका उदेश्यहरू यस प्रकार रहेका छन् :

१. सुशासन, पारदर्शीता र जवाफदेहीताको सिद्धान्तलाई आत्मसात गरी आम नगरबासीलाई छिटो छरितो, सहज, गुणस्तरीय र परिणाममूखी सेवा प्रदान गर्ने, नगरपालिकाबाट प्रदान गरिने एवम् प्रवाह हुने सेवामा आम नागरिकको पहुँचलाई सरल एवम् सहज बनाउने ।

२. गुणस्तरीय शिक्षामा नगरवासीहरूको पहुँचमा सुनिश्चितता प्रदान गर्ने,

३. सर्वसुलभ तथा गुणस्तीय स्वास्थ्य सेवा उपलब्ध गराउने,

४. कृषि क्षेत्रको विकास, विविधीकरण र व्यवसायिकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने,

५. नगरबासीहरूको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरूको परिपूर्ती गर्दै गरिबी न्यूनीकरणमा जोड दिने, समाजिक एवम् आर्थिक रूपमा पछि परेका गरिब, विपन्न, दलित, महिला, अल्पसंख्यकको सामावेशी विकासमा सहयोग गर्ने ।

६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित लगायत पछाडी पारिएका र सीमान्तकृत समुदायको विकासको लागि लक्षित वर्गमैत्री संरक्षणात्मक तथा प्रबर्द्धनात्मक नीति अवलम्बन गर्ने,



पुनम कर्ण
उप-प्रमुख

७. धार्मिक, पुरातात्विक, पौराणिक एवं ऐतिहासिक महत्व बोकेको सम्पदाको संरक्षण एवं उक्त क्षेत्रहरूको पूर्वाधार विकास गरी आर्थिक रूपले पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने,

८. नगर क्षेत्रको आर्थिक विकासका नवीनत्तम सम्भावना र अवसरका क्षेत्रहरूको पहिचान र प्रबर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

९. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरू हासिल गर्ने ।

२०. बजेटका उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु :

**बजेटका प्राथमिकता र बजेट विनियोजन देहाय बमोजिम रहेका छन्:**

- नगरस्तरीय योजना एवं विषय क्षेत्रगत (सामाजिक विकास, आर्थिक विकास, संस्थागत विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, पर्यटन प्रबर्द्धन) कार्यक्रमहरूको लागि रू.६ करोड ६८ लाख बजेट विनियोजन गरेको छु ।
- न्यायिक समितिको कार्यालय व्यवस्थापन, मुद्दा मालिला किनारा लगाउन व्यवस्थापकिय एवं न्यायिक कामको लागि रू.२० लाख बजेट विनियोजन गरेको छु ।
- नगरस्तरीय योजना (प्याकेज-२) को लागि रू.२ करोड बजेट विनियोजन गरेको छु ।
- वडास्तरीय योजना तथा कार्यक्रमको लागि रू.५ करोड विनियोजन गरेको छु ।
- कार्यापालिका सदस्यज्यूहरू बाट कार्यान्वयन हुने योजनाको लागि रू.८० लाख बजेट विनियोजन गरेको छु ।
- समपुरक कोषको लागि रू.२ करोड विनियोजन गरेको छु ।

Poonam

पुनम कर्ण
उप-प्रमुख

सभा अध्यक्ष महोदय,

२१. कविलासी नगरपालिकाको समग्र विकासको लागि आगामी आर्थिक बर्ष २०८१।०८२ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरूको लागि रकम विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य तर्फ :**

१) आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधी र दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गरिनेछ ।

२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न हरेक वडामा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिनेछ । निर्माणाधिन १५ सैया अस्पतालको निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गरिनेछ । यसका लागि रू.३ करोड विनियोजन गरेको छु ।

३) स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालबाट ९८ प्रकारका औषधी तथा खोप र प्रजनन स्वास्थ्य सम्बन्धी सामाग्री निःशुल्क उपलब्धको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४) संघीय सरकार/विभिन्न दातृ निकाय/सहयोगी निकाय सँग समन्वय गरी कुपोषण मुक्त पालिका घोषणा, क्षयरोग मुक्त पालिका घोषणा र पूर्ण खोप पालिका घोषणा गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५) आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका अन्य बैकल्पिक उपचार पद्धतिको विस्तारमा सहयोग गरिनेछ । नागरिक आरोग्य कार्यक्रमलाई समुदायस्तरमा विस्तार गरिनेछ । आयुर्वेद औषधालयको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६) स्वास्थ्य बीमा विस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

७) स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना गर्दै स्वास्थ्य सुरक्षालाई सम्बोधन हुने गरी प्रदान गर्ने प्रशासनिक सेवा प्रणालीमा सुधारको व्यवस्था मिलाएको छु ।

पुनम कर्ण
उप-प्रमुख

८) भविष्यमा आउन सक्ने अन्य प्रकोप/विपद् व्यवस्थापनका लागि नगरपालिकाको सबै वडामा स्वास्थ्य सेवा सञ्चालनको व्यवस्था मिलाएको छु ।

९) जनस्वास्थ्यमा आईपरेको चुनौतीहरूलाई सामना गर्ने गरी यस पालिका अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ/सवलीकरणको लागि स्वास्थ्य औषधी, उपकरण, मेशिन एवम् स्वास्थ्य चौकीहरूको भौतिक संरचना निर्माण गर्ने व्यवस्था गरेको छु ।

१०) **योग गरौ निरोग रहौ** भन्ने नारा सहित विद्यालय योग शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरको छु ।

११) पालिका अन्तर्गतका प्रसुती सेवा केन्द्र एवं स्वास्थ्य संस्थामा उपचार हुन सम्भव नदेखिने लगायत पालिका भित्र बसोबास गर्ने नागरिकहरूको स्वास्थ्य प्रति पालिका संवेदनशिल हुँदै उपचारको क्रममा पालिका बाहिर वा अन्यत्रबाट पालिका भित्र बिरामी ओसार पोसारको लागि २ (दुई) वटा एम्बुलेन्स खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२) संघीय र प्रदेश सरकारबाट स्वास्थ्यका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रू. ४ करोड १३ लाख ६२ हजार ५ सयको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा तर्फ :**

१) सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु ।

२) शैक्षिक सँस्थाहरूको पुर्नउत्थानका लागि शैक्षिक कृयाकलापहरूलाई स्वास्थ्य सम्बन्धी मापदण्ड र सुरक्षित हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

३) सामाजिक रूपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न शिक्षालाई मैले उच्च प्राथमिकता दिएको छु । शैक्षिक पूर्वाधारको विकास, दक्ष



PKarna
पुनम कर्ण
उप-प्रमुख

जनशक्ति एवम् शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिने व्यवस्था मिलाएको छु ।

४) खेलकुद विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरूको निर्माण, संरक्षण र सञ्चालन एवम् खेलकुद प्रतियोगिता सहित युवाहरूलाई खेलकुद सामग्री को लागि बजेट व्यवस्था मिलाएको छु ।

५) संघीय र प्रदेश सरकारबाट शिक्षाका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१४ करोड ५० लाख ६७ हजारको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण तर्फ :**

१) समाजमा बञ्चितीकरणमा रहेका, उत्पीडित समुदाय एवं दलित, अपांगता भएका व्यक्तिहरूको सशक्तिकरण, मूल प्रवाहीकरण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

२) विभिन्न किसिमका लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्णरूपमा उन्मूलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

३) महिला सशक्तिकरण र विकासका लागि सचेतनामूलक तालिम तथा लैङ्गिक समानता सम्बन्धि कार्यक्रमहरूको सञ्चालनको व्यवस्था मिलाएको छु ।

४) जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा ज्ञान,सीप र अनुभव साटासाट एव्म पुस्तान्तरण र हस्तान्तरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५) महिलासँग महिला जनप्रतिनिधि कार्यक्रम मार्फत महिलाको सशक्तीकरण र विकासमा योगदान पुर्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

Pkarna



पुनम कर्ण
उप-प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

**लघु उद्यम विकास कार्यक्रम तर्फ :**

१) नगरमा उत्पादित वस्तु, कच्चा पदार्थ र सीपमा आधारित व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२) रोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न, दलित, महिलाहरूको जीविकोपार्जन सुधारका लागि तालिम कार्यक्रम मार्फत सीप, प्रविधि, सामाग्री सहित व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३) वहुसंख्यक युवाहरू वैदेशिक रोजगारबाट फर्कि रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै रही स्वाबलम्बी बन्नका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत तथा अन्य सीपमूलक, रोजगारमूलक कार्यक्रम तर्फ आकर्षिण गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु ।

४) संघीय र प्रदेश सरकारबाट लघु उद्यम विकास कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१२ लाखको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**कृषि सेवा र पशु विकास तर्फ :**

१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन, कृषकहरूको लागि कृषि सामग्री, उपकरण वितरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२) पालिका अन्तर्गतका सबै वडाका कृषकहरूको सिँचाईको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत फेज लाइन जडान गराइ किसानहरू लाई नि:शुल्क कृषि मिटर उपलब्ध गराइने व्यवस्था गरेको छु ।

२) कृषकहरूलाई व्यवसायमुखी, आर्थिक उन्नती हासिल गर्न कृषकहरूको लागि तालिम, अन्तरक्रिया, विषादी, मल, विषादी छर्ने सामग्रीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

Pkarna
पुनम कर्ण
उप-प्रमुख

३) उब्जनीयोग्य भूमि जुन सिँचाईको अभावमा बाँझो रहेको छ, त्यस्तो जग्गालाई उब्जनी योग्य बनाउन सिँचाई एवम् कृषि सडकको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४) पशु रोग, विभिन्न महामारी र लम्पी जस्ता घातक रोग नियन्त्रणका लागि पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरेको छु ।

५) पशु स्वास्थ्य सेवा सम्बन्धी आधारभूत सेवा प्रवाहको लागि एक गाउँ एक प्राविधिक, उपकरण खरिद, पशु नश्ल सुधार र पशु बीमा लगायतका कार्यक्रमहरूको लागि संघीय र प्रदेश सरकार सँग समन्वय गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

६) संघीय र प्रदेश सरकारबाट आर्थिक विकासका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१९ लाख ७६ हजारको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

**विद्युत, खानेपानी र सिँचाई तर्फ :**

१) नगर भित्र रहेका घरधुरी जो स्वच्छ खानेपानीको पहुँचबाट बञ्चित रहेको छ, उनिहरूको लागि आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२) नगरपालिकालाई पूर्णरूपमा उज्यालो बनाउन विद्युत नपुगेको बस्तीहरूमा सौर्य ऊर्जा प्रविधि जडान र अन्य वैकल्पिक ऊर्जाबाट उज्यालो पुर्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

३) नगर भित्रका कृषियोग्य भूमिमाा दिगो र भरपर्दो सिँचाई पुर्याइ कृषिको उत्पादन र उत्पादकत्व बढाउनका लागि संघ, प्रदेश, विकास साझेदार संस्था र पालिकाको साझेदारीमा सञ्चालन हुने सिँचाई आयोजना विकास एवं निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

Pkarna
पुनम कर्ण
उप-प्रमुख

**पूर्वाधार विकास तर्फ :**

१) वडा स्तरीय सामाजिक, आर्थिक क्षेत्रको विकास, भौतिक पूर्वाधारको निर्माण एवं सुधार तथा संस्थागत क्षमताको विकासको लागि प्रति वडा रू. ५० लाखका दरले कूल रू.५ करोड बजेट विनियोजन गरेको छु ।

२) संघीय र प्रदेश सरकारबाट समपुरक अनुदान अन्तर्गत हस्तान्तरण भई आएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका समपुरक कोष अन्तर्गत रू.२ करोड बजेट विनियोजन गरेको छु ।

३) संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी कविलासी देखि जमुनिया जाने बाटोको बिचमा पर्ने ढङ्ग्रा खोलामा पुल निर्माण गरिनेछ ।

४) संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी गैर-रनियाको बिचमा पर्ने ढङ्ग्रा खोलामा पुल निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५) नगर भित्रको सडक, पुल, भवन निर्माण आयोजना अन्तर्गत आगामी आ.व.मा सडक, पुल, कल्भर्ट, ह्युमपाइप जडान लगायत भौतिक पूर्वाधार निर्माणको लागि सशर्त तर्फ ५ करोड ३२ लाख ४८ हजार र निशर्त तर्फ रू.५ करोड गरी कुल रकम रू.१० करोड ३२ लाख ४८ हजार बजेट विनियोजन गरेको छु ।

**पर्यटन प्रबर्द्धन तर्फ :**

१) आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्द्धन गर्न विभिन्न जातजाति, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्बर्द्धन गर्दै नगरभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार, संरक्षण तथा सौन्दर्यकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२) पर्यटकीय रूपमा निर्माणधिन तथा स्थापित गन्तव्यहरूको पूर्वाधार विकासलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

३) धार्मिक सहिष्णुतालाई आत्मसात गर्दै सबै धर्म सम्प्रदायलाई महत्व दिंदै आवश्यक बजेटको लागि व्यवस्था गरेको छु ।



पुनम कर्ण
उप-प्रमुख

४) आगामी आर्थिक वर्षको मंसिरमा लाग्ने पञ्च वर्षिय गढीमाई मेला व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सेवा प्रवाह र सुशासन तर्फ :**

१) नगरपालिकाबाट निर्मित ऐन, कानून, नीति र नियमहरूको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधारणको पहुँचसम्म पुर्याउन बिशेष जोड दिइनेछ ।

२) नगरभित्रको सूचना तथा सञ्चारलाई प्रभावकारी, व्यवस्थित र अनुशासित बनाउन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३) सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाई सेवालाई सहज, सरल, छरितो र पारदर्शी बनाइनेछ । सेवाग्राहीबाट प्राप्त पृष्ठपोषण र गुनासोको ईमान्दारितापूर्वक सम्बोधन गर्ने व्यवस्था मिलाएको छु ।

४) कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, अन्तरक्रियाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५) नेपाल सरकारको नीति अनुरूप राष्ट्रिय परिचयपत्रलाई राज्यबाट प्रवाह हुने सेवा सुविधासँग आवद्ध गर्दै राहदानी, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता र स्थायी लेखा नम्बरलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणको इकाइ लाई निरन्तरता दिएको छु । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६) भविष्यका कर्णधार युवाहरूलाई लक्षित गरी लागू औषध, कुलत विरूद्ध जनचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

७) राज्यको चौथो अंग पत्रकारिता मार्फत् आम नगरबासीलाई प्रत्येक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले पत्रकारिता एवं रेडियो कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

८) सेवा प्रवाह र सुशासन तर्फ निशर्त तर्फ रू.१५ लाख बजेट विनियोजन गरेको छु ।



Poonam

पुनम कर्ण
उप-प्रमुख

**विपद् व्यवस्थापन तर्फ :**

१) स्वच्छ वातावरण, स्वस्थ्य हावापानी, बाढी, भू-क्षय, डढेलो, कटानबाट सुरक्षित राख्न एवम् जडिबुटी तथा पैदावारको संरक्षणको लागि वृष्क्षारोपण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२) बाढी, भू-क्षय, मनसुनजन्य जस्ता प्राकृतिक विपदी लगायत संक्रामक रोग, प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापना लगायतका कार्य गर्न विपद् व्यवस्थापन कोषको लागि बजेट व्यवस्था गरेको छु ।

३) फोहोरमैला व्यवस्थापन, ढल निर्माण तथा सरसफाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

४) प्राकृतिक विपदी एवम् मानव सिर्जित क्रियाकलापबाट बिग्रिने, टुटफुट हुने सडकको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।

५) विपद् व्यवस्थापन तर्फ रू.२० लाख बजेट विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

२२) नगरस्तरीय गौरवका योजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२३) सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४) कविलासी नगरपालिकामा स्थायी बसोबास गर्ने अभिभावकका छोरी कुनै पनि विषयमा स्नातक तह उत्तिर्ण पश्चात छोरीको विवाह गरेमा उक्त छात्रालाई



Pkarna
पुनम कर्ण
उप-प्रमुख

पालिकाबाट सहयोग राशी रू.२५,०००।- (अक्षरेपी रू.पचिस हजार मात्र) दिने कार्यक्रमलाई निरन्तरता दिदै सोको लागि रू. १० लाख बजेट विनियोजन गरेको छु ।

२५) राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बारी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२६) संघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हस्तान्तरण भई आएको रकम पालिका अन्तर्गतका रोजगार सेवा केन्द्रलाई व्यवस्थित गर्दै रोजगारी सिर्जना, छिटो प्रतिफल दिने, तुलनात्मक लाभका क्षेत्रका कार्यक्रम तथा आयोजनामा मितव्ययी रूपमा उक्त रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

२७) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छु । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

२८) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई केन्द्रीय तथा प्रदेश स्तर योजनाको रूपमा तयार गरी पेश गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्ष महोदय,**

२९. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

३०. आगामी आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू.७९ करोड ३ लाख ८९ हजार रूपैयाँ विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रू.१२ करोड १३ लाख, संघीय सशर्त अनुदानबाट (चालु) तर्फ १९ करोड ५९ लाख ४१ हजार ५ सय, संघीय सशर्त अनुदानबाट (पुँजीगत) तर्फ ५ करोड ३२ लाख ४८ हजार, संघीय समपुरक अनुदानबाट रू.१ करोड ३५ लाख, संघीय विशेष अनुदानबाट (पुँजीगत) तर्फ रू.१ करोड ४० लाख, राजस्व बाँडफाँडबाट रू.१० करोड ६४ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू.१ करोड, प्रदेशबाट प्राप्त हुने सशर्त



Pkarna
पुनम कर्ण
उप-प्रमुख

अनुदान रू.१ करोड, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपुरक अनुदान रू.२० लाख, सवारी साधन करको बाँडफाँड रू.४० लाख रूपैयाँ, बहुक्षेत्रीय पोषण कार्यक्रमबाट रू.४० लाख, सडक बोर्ड नेपालबाट रू.५० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रू.५० लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रमबाट रू.२० करोड, प्रशासकीय भवन पूर्वाधार निर्माणको लागि रू.३ करोड, आन्तरिक राजस्वबाट रू.३० लाख र गत आ.व. २०८०।०८१ को मौज्दात रू.१ करोड रहेको छ ।

३१. बजेट प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

३२. आगामी वर्षको बजेट तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी साथै योजना बनाइएका कार्यहरू सञ्चालनमा गतिशिलता ( लचकता) ल्याउने गरी बजेट विनियोजन गरिएको छ ।

३३. जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

३४. कविलासी नगरपालिकाको आर्थिक विधेयक,२०८१ र विनियोजन विधेयक,२०८१ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

**सभा अध्यक्षज्यू ,**

३५. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । आ-आफ्नो तर्फबाट अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण



Poonam

पुनम कर्ण
उप-प्रमुख

राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । सम्पूर्ण राजनितिक दलका पदाधिकारीज्यूहरू, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरू, बुद्धिजीविज्यूहरू, विषय विज्ञ, सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरणीय नगरबासीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३६. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ! पुनम कर्ण
उप-प्रमुख

मिति २०८१।०३।१० गते सोमबार